यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ अंक ५५ श्रेणी 'क' २०७२ मंसिर ७ गते सोमबार 23 Nov. 2015 पृष्ठ ४ मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।– मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

## हजारौंको आशाबीच सीमितलाई ग्यास

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ मंसिर ।



लामो समयदेखि खाना पकाउने एलपी ग्यासको अभाव झेल्दै आएका पोखरेलीहरुलाई आइतबार शक्ति र गृहलक्ष्मी ग्यासका केही सिलिण्डर वितरण गरिएको छ । ग्यास पाइन्छ भन्ने आशामा पटक-पटक नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा सिलिण्डर बोकेर घण्टौं लाइनमा बस्ने अनि निराश मुद्रा र थकित भएर रित्तो सिलिण्डरका साथमा आफ्नै घर फर्किनुपर्ने बाध्यता आइतबार भने धेरैले भोग्नुपरेन । पोखराको विभिन्न स्थानमा रहेका ग्यास विक्रेता (डिलर) हरु मार्फत आइतबार ७ हजार ९ सय १४ सिलिण्डर ग्यास वितरण गर्ने जानकारी शनिबार राति कास्की प्रशासनले सार्वजनिक गरेपछि शनिबार साँझदेखि आइबतार राति अबेरसम्म पनि ग्यासको प्रतिक्षा गर्दै लाइनमा बस्नेहरुको संख्या उल्लेख्य रह्यो । शनिबार बेलुका र आइतबार अपरान्हसम्म खाली सिलिण्डर लिएर बजारमा सर्वत्र घुमिरहेका सर्वसाधारण पनि पर्याप्त देखिन्थे ।

स्थानीय प्रशासनले आपूर्ति समितिको बैठक गरि ग्यास वितरणलाई व्यवस्थित बनाउने भनेपनि त्यो हुन सकेन । सर्वसाधारणलाई कुन कम्पनीको ग्यास कहाँ पाइन्छ र कति परिमाणमा वितरण हुँदैछ भन्ने जानकारी दिन नसक्दा सर्वसाधारणले सास्ती खेप्नुपरेको थियो । ग्यास पाउने आशामा आफूसंग भएको जुनसुकै कम्पनीको सिलिण्डर बोकेर दिउसैदेखि लाइनमा उभिएका सर्वसाधारणलाई शनिबार राति करिब १० बजेतिर संचारमाध्यम मार्फत पोखराका २० वटा डिलरमार्फत शक्ति र गृहलक्ष्मीका मात्र ग्यास वितरण गर्ने जानकारी प्राप्त भएपछि लाइनमा बसेकाहरुमा खैलाबैला मच्चिएको थियो ।

डिलरहरुबाट शक्ति वा गृहलक्ष्मीमात्र वितरण गर्ने सूचना पाएपछि आफूले बोकेका सिलिण्डर लाइनमा राख्ने वा फर्काउने भन्ने अन्यौलकै बीचमा शनिबारको रात खुल्ला आकाशमुनि कटाएरै भएपनि सर्वसाधारणहरु आइतबार मध्यान्ह सम्म पनि डिलरकोमा प्राप्त हुने ग्यास सिलिण्डरको खोजी गर्दै लाइनमा साट्न व्यस्त थिए । उनीहरुले सिलिण्डरका लागि आफन्त, साथीभाइ तथा अन्य सबै किसिमबाट खोजी गरेका थिए ।

कतिपय ठाउँमा लाइनमा बसेका सर्वसाधारणले आफ्नो सिलण्डर लाइनमा राख्दा ग्यास नपाउने भएपछि अर्को ठाउँको खोजी गर्दै रात र दिन कटाएका थिए । पोखराको रामबजारमा रहेको कोने गुरुङ स्टोरमा ३८२ वटा शक्ति ग्यासका सिलिण्डर वितरण गर्ने भनिएपनि त्यहाँ अधिकांश अन्य कम्पनीका सिलिण्डर हजारौंको संख्यामा राखिएका थिए । तर रात बित्दै जाँदा ती सिलिण्डर परिवर्तन गरि शक्ति ग्यास सिलिण्डरमात्र राखिएका थिए ।

प्रहरी, प्रशासन र स्थानीय सरोकारवालाको रोहवरमा ग्यास वितरण गर्ने भनि सिलिण्डर संख्या समेत निर्धारण गरिएको भएपनि सोही अनुसार वितरण नभएको सर्वासाधराणले गुनासो गरेका छन् । ओम आर स्टोर्समा तोकिएको संख्यामा सर्वसाधारणलाई ग्यास नदिइ केही प्रहरी र पहुँचवालालाई लाइनमा नराखी ग्यास दिएका कारण कतिपय सर्वसाधारण आक्रोशित बनेका थिए । 'मैले शक्ति ग्यासका सिलिण्डर लाइनमा गन्दै जाँदा मेरो २ सय २७ मा परेको थियो तर राति र बिहान सिलिण्डर साट्ने नाममा केही सिलिण्डर थपिएको र प्रहरी र पहुँचवालाले पनि लाइनमा नबसी ग्यास लगेकोले अन्तिम मेरो अगाडि ३ वटा सिलिण्डर बाँकी रहँदा नै ग्यास सकिएको बताएर म फर्किएँ ।'-कोने गुरुङ स्टोरमा शनिबार राति र आइतबार दिनभर ग्यासको आशामा बसेकी एक महिलाले दु:खेसो पोखिन् । उनीजस्ता धेरै सर्वसाधारणले आशा विपरित ग्यास पाउन सकेनन् । स्थानीय प्रशासनले प्रभावकारी रुपमा ग्यास वितरण गर्न नसकेको र सर्वसाधारणलाई सूचना समेत दिन नसकेपछि यस्तो कष्ट धेरैले व्यहोरेका छन् । रामबजार नजिकै रहेको ओम आर ग्यास स्टोरमा सबैभन्दा धेरै ८१२ वटा शक्ति ग्यासका सिलिण्डर बाँड्ने भनिएपछि त्यहाँ पनि हजारौं लाइनमा बसेका थिए । तर दिउसो १ ट्रक सिलिण्डर वितरण गरेपछि थप सिलिण्डर नआउने हल्लाले व्यापकता पाएको थियो । त्यसपछि कतिपयले आफ्नो सिलिण्डर झिकेर बाहिरिएका थिए भने कतिपय लाइनमा प्रतिक्षा गर्दा आइतबार राति ११ बजेपछिमात्र ग्यास पाएको काजल एण्ड कुशुम ट्रेडर्सकी संचालिका अम्बिका पराजुलीले गोल्डेन न्यूज दैनिकलाई बताइन ।

यसैगरी पोखराको सृजनाचोक स्थित अनिश ग्यास सप्लायर्समा पनि शनिबार बेलुका ८ बजेदेखि आइतबार दिउसो ५ बजेसम्म लाइनमा बसेरै भएपनि केहीलेमात्र ग्यास सिलिण्डर प्राप्त गरेका थिए । केही डिलरहरुले कम्पनीबाट आएका ट्रकबाट सिलिण्डर आफ्नो गोदाममा झारेरमात्र वितरण गरेको भएपनि अनिसमा भने लाइनमा बसेका सर्वसाधारणलाई ट्रकबाटै झिकेर सिधै ग्यास दिएका थिए । राति र बिहान मात्र नभइ आइतबार दिनभर पनि लाइनमा बसेका र सिलिण्डर बोक्दै विभिन्न डिलरकोमा धाउँदै गरेका हजारौं सर्वसाधारणले भने अझै ग्यास पाउन सकेका छैनन् । बाबा, एचपी, भानु, जानकी, श्रीकृष्ण, तारा लगायतका विभिन्न कम्पनीका सिलिण्डर भएकाहरु र तिनै सिलिण्डर बोकेर बजार डुल्नेहरुले भने जतिसुकै दु:ख कष्ट भोगेपनि र समय वर्वाद गरेपनि ग्यास पाउन सकेनन् । सुनौलो एफएमका कार्यक्रम संयोजक सवु पाठकले सम्बन्धित डिलरकोमा राति नै सिलिण्डर पुऱ्याएर लाइनमा बसेको भएपनि बिहान भने आफूले ग्यास नपाउने निश्चित जस्तै भएपछि रित्तो सिलिण्डर लिएर घर फर्किएको बताइन ।

यस्तै आइतबार पोखरामा शक्ति र गृहलक्ष्मीका सिलिण्डरमात्र वितरण हुने भनिएपनि अन्य ग्यास डिलरमा लाइन बस्नेको कमि थिएन । पोखराको बुलौंदीमा रहेको एचपी ग्यास डिलरमा लाइन बस्ने सर्वसाधारण पनि हजारौं थिए भने रानीपौवामा शनिबार राति ग्यास पाइने ठाउँ भन्दै सयौं जना लाइनमा बसेको भएपनि ग्यास नपाउने जानकारी पाएपछि सबै जना अन्यत्र लागेका थिए । यसैगरी ग्यास डिलर वरिपरि रहेको स्थानीय घरधनीहरुले सबैभन्दा पहिला आफूहरुले ग्यास पाउनुपर्ने भन्दै आक्रोश समेत पोखेका थिए ।

## सर्वसाधारण मर्कामा

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ मंसिर ।

भारतको अघोषित नाका बन्दीका कारण मुलुकभर नै सर्वसाधारण मर्कामा परेका छन् । करीब डेढमहिनादेखिको नाका बन्दीले अर्थतन्त्रमा त ठूलो धक्का पुगेको छ नै त्योभन्दा पनि बढी सर्वसाधारणको दैनिकी कठीन बनेको छ । आफ्नो रोजीरोटीका लागि गुजारा कसरी चलाउने भन्ने बारेमा सोचेर त्यसतर्फ लाग्नुपर्नेमा आमसर्वसाधारणलाई भने भरे चुल्हो कसरी सल्काउने भन्ने एकोहोरो पीरले सताउन थालेको हो । आम सर्वसाधारणलाई पेट्रोल, मट्टीतेल र ग्यासको चिन्ताले सताउदा पर्यटकिय पोखरामा भने केहि पहुँचवाला भने सरकारी हाकिमको सिफारिशमा प्राप्त ग्यास र पेट्रोलको गफ सुनाउने गरेको गुनासो बढ्न थालेको छ ।

पोखराको चिप्लेढुङ्गामा भेटीएका सुन्दर सिवारीले भने-'नामै त नलिउ तर मेरो डेरा नजिकैको एक राजनितीक नेताले कुनै एक सरकारी हाकिमको सिफारीसमा एकैपटक २० लिटर पेट्रोल हालेको गफ सुनाउँदै थिए ।' चरम अभावका बेला तिवारीको यो भनाईले पुष्टि हुन्छ की पोखरामा पहुँचवाला व्यक्तिहरु ईन्धनको समस्यामा छैनन् । त्यसो त केहि समय अगाडि पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्यहरुले संस्थागत रुपमा पत्र लेखेर ग्यास लिई आपसमा बाँडेको खबरले पनि यो कुरालाई सत्यतामा बदलेको हो । नाकावन्दीकै कारण बजारमा पेट्रोल अभाव भएपछि मोटो धनकमाउने लोभमा कतिपय व्यवसायीहरु नै कालोबजारीमा सक्रिय रहदै आएका छन् । फेन्सी पसलदेखि रेष्टुरेण्ट र अन्य दीर्घकालिन व्यवसायमा संग्लग्न व्यवसायीहरुनै सिमा क्षेत्र पुगेर पेट्रोल ल्याई पोखरामा महङ्गो मूल्यमा बिक्री गरीरहेका छन् । उनीहरुले एक लिटर पेट्रोलको तीन सय देखि चारसय रुपैयाँसम्म लिने गरेका छन् । शहरका प्रत्येकजसो टोलमा यस्ता अस्थायी पेट्रोल शो-रुम खुलेको भएपनि प्रशासनको यसतर्फ ध्यान पुग्न सकेको छैन । 'पहुँच हुनेलाई जस्तो अभाव भएपनि कुनै दुख पर्दोरहेनछ', तिवारीले आक्रोश पोख्दै भने-'खै नागरीक अगुवा र अनुगमनकर्ता कहाँ छन् यो बेला ?'

प्रतिनिधिपात्रका रुपमा रहेका तिवारीको कुरालाई पोखराका नागरीक समाज सम्बद्ध रामबहादुर पौडेलले पनि स्वीकारे । पहुँचवाला ब्यक्तिले लिएको असमानुपातिक फाईदा बारे यहाँको राज्य गम्भीर नदेखिएको उनको आरोप छ । 'यो गुनासो चरम रुपमा बाहिर आईरहेको छ जुन पटक्कै राम्रो होईन । आएको ईन्धन समानुपातिक रुपमा वितरण गर्नु, रातिमा मात्र नभई होईन दिनमा वितरण गर्नुपर्छ र यो कुरामा स्थानीय प्रशासन गम्भीर हुनुपर्छ ।'-पौडेलले भने । पौडेलले सशस्त्र प्रहरी बलद्वारा संचालित कालिका फ्युल स्टेशनमा समेत अनियमित रुपमा पेट्रोलियम पदार्थ विक्रि भईरहेको बारे सम्बन्धित निकाय मौन बसेको पनि आरोप लगाए । कालिका फ्युल स्टेशनमा पेट्रोल तथा डिजल वितरणमा मनोमानी गरेको कुरा बाहिर आइरहेको भएपनि त्यस बारेमा सम्बन्धित निकाय बेखबर बनेको पौडेलले गुनासो गरे । त्यस्तै पोडेलले विभिन्न पेट्रोल पम्पमा आमसर्वसाधारण तेल हाल्ने लाईनमा बसिरहेका बेला केही प्रहरीले बर्दी लगाएर अर्कैको सवारीमा फुलट्याङक भरिदिने गरेको पनि गुनासो आएको बताए । घटनाबारे एसपी हरिबहादुर पालसँग कुरा राखेको र त्यस्तो भए संग्लग्न प्रहरीलाई तत्काल कार्वाही गर्ने आश्वासन दिएको पौडेलले बताए ।

## नागरिक सञ्जाल धर्नामा, लेउवासंघ र उपभोक्ता मञ्चको ध्यानाकर्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ मंसिर ।

शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीद्वारा पोखरामा नागरिक धर्ना कार्यक्रम सम्पन्न गरीएको छ । पारवहन हाम्रो अन्तर्राष्ट्रिय अधिकार हो भारतद्वारा नेपालमाथि लगाइएको नाकाबन्दी तुरुन्त फिर्ता गर भन्ने मूल नाराका साथ शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीका संयोजक सरला कुमारी पाण्डेको संयोजकत्वमा भएको थियो । संविधान सभाद्वारा नेपालमा जारी गरिएको संबिधान पश्चात छिमेकी राष्ट्र भारतले लगाएको नाकाबन्दी र सीमाङ्कनका बिषयमा मधेशीमोर्चाले गरेको आन्दोलनका कारण महिनौसम्म पनि समाधानतर्फ भन्दा अरु जटिलता तर्फ जानलागेको प्रति नागरिक समाज पोखरा गम्भीर भएको भन्दै बिभिन्न नारा र प्लेकार्ड बोकेर पोखराको पृथ्वीचोकमा धर्ना दिइएको हो ।

नेपाल माथिको अनावश्यक हस्तक्षेप तुरुन्त बन्द गर, एम्बुलेन्स, औषधि बोकेको गाडीमाथिको आक्रमणको निन्दा र भत्सर्ना गरौं, निर्वाध पारवहनको नेपालको अधिकार, सीमामा गरिएको अवरोध तत्काल हटाउ, वर्तमान समस्या बार्ता र संवादबाट समाधान गर भन्ने नाराका साथ उपस्थित नागरिकहरुको उक्त धर्नालाइ वरिष्ठ मानव अधिकारकर्मी टेकनाथ बराल, सञ्जालका संयोजक सरला कुमारी पाण्डे, महिला मानव अधिकार रक्षक सञ्जालका संयोजक सरिता थापा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पश्चिमाञ्चल क्षेत्रीय संयोजक शिव खकुरेल आमा समूहकी नुवावती पोखरेल लगायतले नाकाबन्दीको विरोध र भत्सना गर्दै समस्या समाधानका लागि सरकार तथा मधेश केन्द्रित मोर्चा र भारत सरकारलाई समेत गम्भीर हुन आव्हान गरेका थिए । धर्ना कार्यक्रममा नागरिक समाजको सञ्जालका पूर्व संयोजकहरु बिष्णु प्रसाद बराल, खगराज आचार्य, दलित समन्वय समितिका दुर्गा बहादुर सुनार, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पत्रकार, कानून ब्यवसायी, उद्योगी व्यवसायी आमा समूह लगायतको सहभागिता रहेको थियो ।

यसैगरी लेखनाथ उद्योग वाणिज्ड संघले छिमेकी मुलुक भारतद्वारा अघोषित रुपमा गरिएको नाकावन्दी तथा तराई मुलका राजनैतिक पार्टीहरुको आन्दोलनका कारण उत्पन्न भएको असहज परिस्थितिले जनजीवन अस्त-व्यस्त बनाएको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । संघका अध्यक्ष लक्ष्मी त्रिपाठीले आइतबार एक विज्ञप्ति जारी गरि यस कष्टकर समयमा लेखनाथ उद्योग वाणिज्य संघ सम्पूर्ण उद्योगी, व्यवसायी र आम उपभोक्ता प्रति सहानुभूति प्रकट गरेका छन् । 'वर्तमान असहज परिस्थितिका कारण सम्पूर्ण उद्योगी, व्यवसायी तथा उपभोक्ताहरुमा पर्न गएको पीडाप्रति लेखनाथ उद्योग वाणिज्य संघको गम्भिर ध्यानाकर्षण भएको छ ।' विज्ञप्तिमा भनिएको छ-'यस्तो प्रतिकुल समयमा जे जति आवश्यक उपभोग्य सामाग्रीहरुको उपलब्धता छ त्यसको बैज्ञानिक, न्यायोचित तथा व्यवस्थित एवं सन्तुलित वितरणका लागि वितरण स्थल, प्रक्रिया तथा पद्धतिका विषयमा उपभोक्ताहरुलाई अग्रिम जानकारी गराएर उपभोक्तामा भ्रमपूर्ण स्थितिको सृजना नगराउनका लागि तथा संवदेनशिल बनिदिन प्रशासन तथा सम्वन्धित निकायलाई अपिल गर्दछौं ।'

विभिन्न समयमा भईरहेको इन्धन र ग्यास वितरण प्रक्रियामा लेउवासंघको संलग्नता रहेपनि संघले राखेको न्यायोचित वितरण गर्नु पर्ने स्पष्ट धारणालाई पालना गर्न सम्वन्धित पक्ष सम्वेदनशिल नभएको व्यहोरा उपभोक्ता समक्ष जानकारी गराउदै आगामी दिनमा उपलव्ध हुने श्रोत साधानको व्यवस्थित एवं न्यायोचित वितरण प्रणालीमा संघले पूर्ण रुपमा सहयोग गर्न तयार रहेको अध्यक्ष त्रिपाठीले बताएका छन् । साथै उपभोक्तामा धैर्य रहि एक आपसमा सद्भाव बढाउन समेत उनले आग्रह गरेका छन् ।

यसैगरी उपभोक्ता मञ्च कास्कीको आज बसेको बैठकले देशको विद्यमान असहज परिस्थितिमा उपभोक्ताले भोग्नुपरेको समस्याप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । मञ्चका अध्यक्ष कपिलनाथ कोइरालाको अध्यक्षतामा बसेको बैठकले पेट्रोलियम पदार्थ र खाना पकाउने एलपी ग्यासको आपूर्ति तत्काल सहज गराउन सरकारसँग माग गरेको छ । बैठकले मौजुदा अवस्थामा रहेको पेट्रोलियम पदार्थको वितरण प्रणाली चुस्त दुरुस्त र पारदर्शी बनाइ विवेकसम्मत बनाउन स्थानीय प्रशासनसँग जोडदार माग गर्दै समेत गरेको छ ।

साथै आम उपभोक्तालाई सही सूचना लिएरमात्र ग्यासका लाइनमा बस्न र हल्लाका भरमा लाइनमा नबस्न आग्रह गरेको छ । उपभोक्ता मंच कास्कीका सचिव राजुराज अधिकारीद्वारा जारी विज्ञप्तिमा आपूर्ति व्यवस्था सहज गराउन दबाबका लागि राजनीतिक दल, उद्योगी, व्यवसायी, संचारकर्मी, नागरिक समाज लगायत सम्पूर्णलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न पनि आग्रह गरिएको छ । बैठकले असहज परिस्थितिको फाइदा लिई केही व्यवसायीले खाने तेल, खाद्यान्न, चिनी लगायत दैनिक उपभोग्य बस्तुमा अनुचित मूल्यबृद्धि गरेकोमा भर्त्सना गर्दै कालोबजारीसमेत गरेको बुझिन आएको हुँदा त्यस्तो नगरी व्यवसायमा जिम्मेवार बन्न र प्रशासनलाई यस्ता व्यवसायीलाई कडाभन्दा कडा कारबाही गर्न माग गरिएको छ । संकटको घडीमा व्यवसायी पनि स्वयं जिम्मेवार बनी अनुचित लाभको पछि नलाग्न आग्रह गरिएको छ ।

पढाइ लेखाइको नाममा जो कसैले पनि
बालबालिकालाई शारीरिक तथा मानसिक
पीडा र चोट नदिऔं, सभ्य र शालीन
बनि बाल अधिकारको सम्मान गरौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

## महाधिवेशन नजिकिदै गर्दा कांग्रसभित्र नयाँ खेल

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ६ मंसिर ।

विपक्षी दल कांग्रेसको १३ औं महाधिवेशन नजिकिँदै गर्दा आफू शक्तिकेन्द्रका रुपमा उदाउन नेताहरुले विभिन्न खेल शुरु गरेका छन् । स्थायी रुपमा नै दुई गुट देखिएको कांग्रेसमा महाधिवेशनमा आफूलाई शक्तिकेन्द्रका रुपमा स्थापित गर्न अर्को गुट जन्माउने प्रक्रिया सुरु गरेका छन् । गिरिजाप्रसाद कोइराला कांग्रेस सभापति हुँदा पार्टीमा हालीमुहाली चलाएका तर, सुशील कोइराला सभापति भएपछि 'सिन'बाट हराएकाहरुले वेग्लै गुट बनाएर बार्गेनिङ सुरु गरेका छन् । गुटमा बर्तमान केन्द्रिय समितिका तीन सदस्य तथा एक पूर्व महामन्त्री र एक सहमहामन्त्री छन् ।

गोविन्दराज जोशीको रणनीतिमा कुलबहादुर गुरुङलाई देखाएर पदका लागि वार्गेनिङ सुरु गरिएको गुटमा अहिलको केन्द्रिय समितिमा रहेका उमाकान्त चौधरी र पार्वती डिसी चौधरी समेत लागेका छन् । उमाकान्त माधवकुमार नेपाल नेतृत्वको सरकामा स्वास्थ्य तथा जनसंख्या मन्त्री थिए । पटक-पटक मन्त्री भएका जोशीलाई गिरिजाप्रसाद कोइरालाले पार्टीको सहमहामन्त्री समेत बनाएका थिए ।

विशेष अदालतले अख्यितार दुरुपयोग गरी अकुत सम्पत्ति कमाएको प्रमाणित गर्दै भ्रष्टाचारी ठहर गरेका जोशीको भ्रष्टाचार सम्वन्धि मुद्दा अहिले सर्वोच्च अदालतमा छ । पूर्व महामन्त्री तथ बर्तमान केन्द्रिय कार्यसमितिका सदस्य गुरुङ मुलुकको दास्रो राष्ट्रपति चयनका लागि व्यवस्थापिका संसदमा भएको निर्वाचनका कांग्रेसका तर्फबाट उम्मेदवार बनि एमाले उपाधयक्ष समेत रहेकी विद्यादेवी भण्डारीसंग पराजित भएको रातोपाटीमा खबर छ । सो गुटमा कांग्रेसका पुराना नेताहरुको सक्रियता रहेको देखिन्छ । कुनै समय पार्टी केन्द्रमा रहेर हालीमुहाली चलाएका विनयध्वज चन्द, सुनिलराज भण्डारी लक्ष्मण घिमिरेको गुटमा सक्रियता रहेको देखिन्छ । घिमिरे

बाँकी अन्तिम पृष्ठमा......

विशेष छुटमा
काठमाडौंका विषय विज्ञद्वारा
नासु र खरिदारको
तयारी कक्षा सञ्चालन
रू. ४,५००/- यही मंसिर ७ गतेबाट
गोकर्णप्रसाद उपाध्यायको प्रथम पत्रको
बुक फ्रि
कक्षा : बिहान, दिउँसो र बेलुका
साथै शाखा अधिकृतको
प्रथम पत्रको कक्षा सिघ्र सञ्चालन हुँदैछ ।
पोखरा सनराइज एकेडेमी (Sunrise Cyber)
राष्ट्रबैंकचोक, पोखरा, फोन: ०६१-४६०२३६ , ४६२७८९

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।
- लर्ड नेपियर

## सम्पादकीय . .

# निर्णायक वार्ता आवश्यक

केही दिनअघि सरकार र मधेशी दलहरुबीचको निर्णायक भनिएको वार्ता निष्कर्षविहीन भयो । लामो समयदेखि वार्तालाई निर्णायक बनाउने बताइदै आएको भए पनि गत बुधवार भएको वार्ता टुंगोमा पुग्ने आशा पलाएको थियो । खासगरी मधेशी दलले उठाउँदै आएको सीमांकन हेरफेरको प्रस्तावमा प्रमुख दलको तर्फबाट औपचारिक प्रस्ताव जाने भएपछि वार्ता सहमति उन्मुख हुने आंकलन गरिएको थियो । तर यो आंकलनले पनि मेल खाएन । वार्तामा प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस सहभागी नभएपछि मूल एजेण्डामा छलफल हुन नसकेको वार्ताकारहरुको भनाइ छ । मधेशी मोर्चाले पनि सीमांकनमा प्रमुख दलहरुबीच एकमत हुन नसकेको भन्दै उनीहरुबीच एकमत भएपछि मात्र वार्ता गर्ने जनाएको छ । कांग्रेसले जानकारी नपाएर वार्तामा उपस्थित नभएको दावी गरेको छ । त्यसो त कांग्रेस नेताहरुसंगै सहमतिमा वार्ताको मिति तय भएको सत्तारुढ दलका नेताहरुको दावी छ । घटनाक्रम जे जस्ता भए पनि विभिन्न बहानाबाजी गरेर वार्तालाई लम्ब्याउनु देशको हितमा छैन । प्रमुख दल या मधेशी मोर्चा दुबैले वार्ताबाट निकास आउने संभावना देख्दैनन् भने वार्ताको औचित्य समाप्त भएको घोषणा गर्नुपर्छ । अन्यथा वार्तालाई चाांडोभन्दा चाँडो निष्कर्षमा पुऱ्याएर देशलाई निकास दिनुपर्छ । के गर्दा देशले निकास पाउँछ, त्यो दलहरुले जान्ने कुरा हो तर आजको घटनाक्रमप्रति दुनियाँ जानकार छ । देशमा राष्ट्रियताको जागरण फैलिएको छ । थोरै भए पनि आत्मनिर्भरताको खोजी शुरु भएको छ । भारतीय नाकाको विकल्पमा उत्तरी नाका खोलेर अर्को छिमेकी चीनसंगको व्यापार सम्बन्ध विस्तार गर्ने पहल धेरै अगाडि बढेको छ । यो अभूतपूर्व विकासक्रम नै हो तर अहिले तराईको आन्दोलन रोक्नु पनि अपरिहार्य भइसकेको छ । यही आन्दोलनलाई बहाना बनाएर भारतले नाकाबन्दी गरिरहेको छ । थोरै-थोरै गाडी नेपाल पठाएर भारतले दोहोरो लाभ लिने प्रयत्न गरिरहेको छ । एकातिर केही गाडीहरु नेपाल पठाएर अन्तर्राष्ट्रियरुपमा नाकाबन्दी प्रमाणित हुन नदिने, नेपालमा आपूर्ति अवस्था असहज बनाएर सरकार र जनताबीच विवाद बढाइदिने तर मुख्यरुपमा मधेश आन्दोलनको बहाना बनाउँदै आफ्नो स्वार्थ पूरा नहुँदासम्म नाकाबन्दी नखोल्ने । यसबाट एकातिर नेपालको जनजीवन ठप्प पारिदिने र मधेशी समुदायलाई संरक्षण दिएको जस्तो गरेर अन्य समुदायसंग विवाद सिर्जना गरिदिने भारतीय रणनीति घामजत्तिकै छर्लङ्ग भइसकेको छ । यसबाट मधेशी समुदायलाई आफ्नो प्रभावमा पारिराख्ने र कुनै पनि बेला मधेशी समुदायलाई प्रयोग गरेर सिंगो देश र देशबासीसंग प्रतिशोध साध्ने भारतीय योजना नबुझ्ने नेपालमा शायदै होलान् । घटनाक्रम स्वयंले पुष्टि गरिसकेको यो तथ्यबाट नेपालका कोही पनि दल र नेताहरु अनभिज्ञ भएजस्तो गर्नु सही होइन । देश जटिल मोडमा पुगेको छ । आर्थिकरुपमा देश धराशायी हुँदैछ । जनजीवन यति धेरै कष्टकर भइसक्यो कि जनताले धान्नै नसक्ने अवस्था आइसक्यो । यो बेलामा पनि सत्ता र प्रतिपक्षको पर्खाल खडा गरेर प्रतिष्ठाको लडाइँ लड्नुभन्दा गैरजिम्मेवार राजनीति अरु केही पनि हुँदैन । अहिलेको आवश्यकता भनेको देशको सार्वभौमिकताको रक्षा गर्दै मधेश आन्दोलन रोकेर भारतलाई नाकाबन्दीको बहाना अन्त्य गरिदिनु हो । हामी आत्मनिर्भर बन्नुपर्छ । चीनसंग पनि व्यापार विस्तार गर्नुपर्छ । यो अहिलेको संकटले सिकाएको पाठ हो । यसका लागि स्पष्ट रणनीतिक योजना बनाउनुपर्छ । तर अर्कोतिर मधेशको तनाव रोकेर जनजीवन सहज बनाउन पनि उत्तिकै ध्यान मात्र होइन जोड नै दिनुपर्छ । अहिले मूलतः मधेश आन्दोलन र यसको नेतृत्व भारतीय कब्जामा परेको छ । तर मधेशमा बस्ने सबै नागरिक यसका भागिदार छन् र उनीहरुले उठाएको आवाज एक रत्ति पनि सही छैन भन्ने अवस्थामा सरकार र कोही पनि दलहरु देखिदैनन् । सरकार र प्रमुख दलहरु यही निष्कर्षमा पुग्ने हो भने वार्ताको नौटंकी गरिरहनु जरुरी छैन । तर प्रमुख दलहरुले वार्तामा जोड दिइरहेको देखिन्छ । यसको अर्थ मधेशको तनाव वार्ताद्वारा नै रोक्न सकिन्छ भन्ने उनीहरुको निष्कर्ष हो भने वार्तालाई फलदायी बनाउनुपर्छ । मधेश आन्दोलन देशको समस्या हो भन्ने स्वीकार गरिसकेपछि दलहरुले कम्तिमा मधेश आन्दोलन र भारतबीचको सम्बन्ध तोड्ने प्रयत्न गर्नुपर्छ । त्यसका लागि वार्तालाई निष्कर्षमा पुऱ्याउनुको विकल्प छैन । अहिले वार्ता गर्ने भनेको देशको संकट समाधान गर्नका लागि हो । यसका लागि कुन दल र कुन नेताले कस्तो पहल गऱ्यो भन्ने मूल कुरा हो । देशको संकट समाधान गर्नका लागि पनि कसैले कसैलाई औपचारिक निमन्त्रणा गर्नेपर्ने यो कुनै भोजभतेर होइन । यति हुँदाहुँदै पनि अन्तिम दोष सरकारमाथि नै आउने भएकाले सरकार सञ्चालक दलहरुले गहिरो सुझबुझका साथ सबै पक्षलाई समेटेर जारी वार्ता प्रक्रिया तत्काल टुंगोमा पुऱ्याउनुपर्छ ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल मंसिर ७ गते सोमबार, तदनुसार नवेम्वर २३ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको द्वादशी तिथि १६ घटि ३४ पला अर्थात दिनमा १ बजेर ०८ मिनेटसम्म त्यसउप्रान्त त्रयोदशी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा, चन्द्रमा मीन राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि ३२ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३१ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०८ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष :** गरेको प्रयास अर्थहिन हुन सक्नेछन्, नकरात्मक सोचाइ बढ्ने, पारिवारिक कलहमा वृद्धि हुनेछ सर्तक रहनुहोला ।
**वृष :** मानसिक पीडा थपिदै जाजे, आम्दानीमा गिरावट हुने, साथीभाईसँग मनमुटाव बढ्ने, शत्रुहरु सक्रिय हुनेछन् ।
**मिथुन :** आदरसत्कार पाइने, पारिवारिक सहयोग मिल्ने, नयाँ क्षेत्रमा लगानी गर्दा मनग्य आम्दानी हुनेछ दिन शुभछ ।
**कर्कट :** आफन्तले कुरा काट्नेछन्, आटेको कार्य अधुरा रहन सक्ने, नयाँ कार्यमा लगानी गर्ने योजना विफल हुनेछन् ।
**सिंह :** पढाईमा लगनशीलता, धार्मिक क्रियाशीलता, राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ, टाढाको मित्र सँग भेटघाट हुने।
**कन्या :** आफ्नै मान्छेबाट धोका हुनेछ, यात्रामा सावधानी अपनाउनु पर्ने, दिन शुभ रहने छैन्, जोगिनु होला ।
**तुला :** मानसिक शान्ति मल्ने, नयाँ ठाउँको भ्रमण हुनसक्ने, आफ्नै पेशाप्रति सन्तुष्टि हुने, सबै काम सजिलै सम्पन्न ।
**वृश्चिक :** चोटपटकको भय, दिनभर नैराश्यता हुने, व्यापार व्यवसायमा मन्दी आउनेछ, मनमा अशान्ति छाउनेछ ।
**धनु :** आम्दानीमा वृद्धि, आफ्नै पेशाप्रति असन्तुष्टि, मिष्ठान्न भोजन प्राप्ति, हराएको बस्तु फेला पर्ने सम्भावना छ ।
**मकर :** धन हराउन सक्ने सम्भावना रहेकोछ, स्वास्थ्यमा गडबढी, प्रेममा धोका हुन सक्ने दिन खराब छ ।
**कुम्भ :** जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।
**मीन :** टाढाबाट धन प्राप्ति हुने, सामाजिक क्षेत्रबाट सम्मान पाइने, राजनैतिक सक्रियता बढ्नेछ, समय राम्रो छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# नाजुक मोडमा मुलुक


अमित ढकाल

नेपाली राजनीति संवेदनशील मोडमा छ। भारतको अमानवीय नाकाबन्दी र कच्पल्टिँदै गएको हाम्रो राजनीतिले मुलुकको सामाजिक सद्भाव र आन्तरिक एकता नाजुक अवस्थामा पुगेको छ। एकातिर संविधानको विरोधमा तीन महिनादेखि मधेस ठप्प छ भने अर्कातिर दुई महिना नाघेको नाकाबन्दीले मुलकभर जीवन कष्टकर बनाएको छ।

यस्तो बेला छिमेकी मुलुकको नाजायज नाकाबन्दीलाई लिएर एकजुट हुनुपर्ने नेपाली समाज गहिरोसँग विभाजित बनेको छ। यही विभाजनबीच हिंसा र प्रतिहिंसाको दुश्चक्र सुरु भएको छ। हिजो राति मात्रै प्रहरी कारबाहीमा सप्तरीमा दुई जना प्रदर्शनकारीको ज्यान गएपछि त्यहाँ स्थिति राज्यको नियन्त्रणबाहिर छ। चाडपर्वको समाप्तिसँगै मधेसी मोर्चाले तीव्र बनाएको आन्दोलन क्रममा मोर्चाका कार्यकर्ता थप हिंस्रक बनेका छन्। उनीहरूले अक्सिजन लगाएका बिरामी बोकेका एम्बुलेन्स र औषधि बोकेका गाडीमाथि समेत आक्रमण गरेका छन्। राज्य त्यसको प्रतिरोधमा उत्रेको छ। भारतको नाकाबन्दी लम्बिँदै गर्दा र हिंसाको दुश्चक्र बढ्दै जाँदा समाज यति विभाजित बनेको छ, एउटा पक्षले आन्दोलनकारीको मात्र हिंसा देख्न थालेको छ भने अर्को पक्षले राज्यको मात्र। यो विभाजन सामाजिक सञ्जालमा आपसी घृणाका रूपमा फैलिन थालेको छ। हामी कति विभाजित बनेका छौं भन्ने झल्काउन सामाजिक सञ्जालको सानो दृष्टान्त यहाँ उल्लेख गर्न चाहन्छु।

अस्ति शनिबार साँझ मानव अधिकारवादी संस्था इन्सेकका अध्यक्ष सुबोध प्याकुरेलले सामाजिक सञ्जालमा लेखे, 'आन्दोलनको पहिलो सर्त कमान्ड जिम्मेवारी। दोस्रो स्पष्ट तार्किक विकल्पको माग। मानवीयता विपरीतको मनपरि आक्रमण आतंकवाद।' पत्रकार आलिषा कोइरालले प्याकुरेललाई तुरन्तै जवाफ फर्काइन, 'अस्ति आँगनमा काम गरिरहेको निर्दोष, निहत्था महिलालाई छातीमा प्रहरीले गोली ठोक्दा दिपावली मनाउनेले आज मानवताका कुरा गर्दै छन्।' प्याकुरेलले प्रतिवाद गरे, 'को हुन यी मनपरि फत्तुर लगाउने? देख्या छ दिपावली गरेको? एउटाले गोली ठोक्यो भनेर सरोकारै नभएको अर्कोलाई हिर्काउनु जायज?'

प्याकुरेल र कोइराला दुई फरक पिँढीका प्रतिनिधि हुन्। समानता, स्वतन्त्रता र मानिसका आधारभूत अधिकारप्रति दुवै सचेत र प्रतिबद्ध छन्। यति हुँदाहुँदै मुलुकको अवस्थालाई हेर्ने दृष्टिकोणमा उनीहरूबीच गहिरो खाडल बनेको देखिन्छ। यस्तो तिखो वाद-प्रतिवाद हिजोआज सामाजिक सञ्जाल वा सार्वजनिक ठाउँमा प्रशस्तै हुने गर्छ। यसको कारण के भने, हामी सबै विभाजित छौं, दिक्दारिएका छौं, सबैको संयम पातलिएको छ, अरूका तर्क सुन्ने, पढ्ने, मनन गर्ने धैर्य हामी सबैले गुमाउँदै गएका छौं। तर, यो बढ्दो सामाजिक-राजनीतिक विभाजनले मुलुकलाई निकास दिने हैन। त्यसैले हामी जहाँ छौं, एकपटक त्यहीं थामिएर सोच्न जरुरी छ। विभाजित राजनीतिले आमनागरिकलाई ध्रुवीकृत गर्छ, तर यो पनि उत्ति नै सत्य हो, विभाजित समाजले पनि राजनीतिलाई गाँज्दै लैजान्छ। यसले साँघुरो घेराको राजनीतिलाई मलजल गर्छ, समाजलाई सहमतिविमुख बनाउँछ।

हामीले आत्मसात् गर्नु जरुरी छ, समाज जुन नाजुक मोडमा आइपुगेको छ, त्यहाँ हामी एक पक्षको मात्र हिंसा र अतिवादले पुगेका होइनौं। टीकापुरमा आठ जना निशस्त्र प्रहरीको हत्या, एक प्रहरी जवानका दुई वर्षीय छोराको घरमा खेलिरहँदा गोली हानी हत्या, जनकपुरमा झाडीमा लुकिरहेका १४ वर्षीय नितु यादवलाई झाडीबाहिर तानेर प्रहरीद्वारा गोली हानी हत्या, महोत्तरीमा आन्दोलनकारीद्वारा एम्बुलेन्सबाट झिकेर घाइते प्रहरीको हत्या, घाइते अवस्थामा लडिरहेका जलेश्वरका रामविवेक यादव र कलैयाका हिफाजत मियाको प्रहरीद्वारा गोली हानी हत्याजस्ता कायरतापूर्ण हिंसा र प्रतिहिंसाका शृंखलाले हामीलाई यहाँ ल्याइपुऱ्याएको हो।

मधेसमा भएका आन्दोलन शान्तिपूर्ण छैनन् भन्नेमा दुईमत छैन। निषेधित क्षेत्र र कर्फ्यु तोड्न प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुढा गर्नु, पेट्रोल बम हान्नु, घरेलु हतियारले आक्रमण गर्नु मधेस आन्दोलनको एउटा चरित्र नै बनेको छ। यति हुँदाहुँदै मधेस आन्दोलन क्रममा प्रहरीले नै ज्यादा बल प्रयोग गरेको छ भन्नेमा पनि दुईमत छैन। टीकापुर घटनापछि गौरमा एक जना मात्र प्रहरीको हत्या भएको छ, जबकि पूर्वी तराईमा मात्र ४० जनाभन्दा बढी प्रदर्शनकारीको हत्या भइसकेको छ। अधिकांश घाइतेको टाउको, पिठ्युँ वा छातीमा गोली लागेको छ। घुँडामुनि गोली लागेका प्रदर्शनकारी थोरै मात्र छन्।

अहिलेको अवस्था सहज भएपछि गरिने स्वतन्त्र छानबिनले मात्र तराईमा जारी हिंसा र प्रतिहिंसाको यथार्थ चित्र बाहिर ल्याउने छ। त्योभन्दा अघि यसमा धेरै माथापच्ची गरेर हामीले अहिलेको विभाजन बढाउन र स्थिति बिगार्न मात्र सहयोग पुऱ्याउनेछौं। मधेसी आन्दोलनको राजनीतिक समाधान नहुञ्झेल हिंसा र प्रतिहिंसाको यो दुश्चक्र चलिरहने छ। हामी एकअर्कालाई आरोपित गरिरहने छौं। त्यसैले, हामीसँग अब धेरै कुरामा अल्मलिने समय छैन। अहिलेको पहिलो प्राथमिकता हो, मधेस आन्दोलनको राजनीतिक समाधान र आन्तरिक एकताको पुनर्स्थापना। सबैको ध्यान त्यसैमा केन्द्रित हुनु जरुरी छ। अब यो वा त्यो बहाना र स्वार्थमा कुनै पनि राजनीतिक दलले अलमल गरे र नागरिकको दबाब पुगेन भने स्थिति कुनै पनि बेला काबूबाहिर जान सक्छ।

यसका लागि प्रधानमन्त्री केपी ओलीले आफूभित्र जमेर बसेको हठ त्याग्नु जरुरी छ। त्यस्तै, समस्या लम्ब्याएर सरकार ढालौं कि गाँठो फुकाएर मुलुकलाई निकास दिउँ भन्ने बिलखबन्दबाट जति चाँडो कांग्रेस मुक्त हुन्छ मुलुकले त्यति नै चाँडो निकास पाउँछ। पछिल्लो प्रधानमन्त्री निर्वाचनपछि घोर निरासामा फसेको कांग्रेसले यो कठिन घडीमा मुलुकसामु पिठ्यूँ फर्काएर बस्यो भने अहिलेको भन्दा ठूलो निरासा र क्षति उसले भविष्यमा बेहोर्ने छ। भारतले नाकाबन्दी जारी राखुञ्जेल आफूले व्यवहारिक भएर सम्झौता गर्नु आवश्यक नठान्ने मोर्चाको मनोविज्ञान पनि मुलुक र उसकै लागि घातक छ।

सरकारी गठबन्धन, प्रतिपक्षी दल र मोर्चाले अब सीमांकनका विषयमा अविलम्ब समधान खोज्नु जरुरी छ। विवादको चुरो अहिले पनि सुनसरी, मोरङ र कैलालीका कतिपय क्षेत्र कुन प्रदेशमा राख्ने भन्ने हो। सुनसरी र मोरङलाई विभाजन गर्नेमा स्वयं मधेसी मोर्चाका कार्यकर्ताले असहमति व्यक्त गरेका छन्। उनीहरू कि झापा, मोरङ र सुनसरी तिनै जिल्ला दुई नम्बर प्रदेशमा रहनुपर्ने वा झापा, मोरङ र सुनसरीको छुट्टै प्रदेश बन्नुपर्ने पक्षमा देखिएका छन्। वर्षौंको किचलोले के देखाउँछ भने, यी जिल्लाको विवाद कसरी हल गर्नेभन्दा कुन विधिबाट हल गर्ने भन्ने अहिलेको मुख्य विषय हो। यसका लागि कुनै पार्टीका नेता तथा कार्यकर्तालाई हैन, स्थानीय क्षेत्रका नागरिकलाई सोध्नुपर्छ, उनीहरू कुन प्रदेशमा बस्न चाहन्छन्? गाविस तहमा जनमत संग्रह गर्ने र गाविसहरूलाई 'क्लस्टर' बनाएर कुन निर्वाचन क्षेत्रमा राख्ने भनी तय गर्ने। यो नै सर्वोपरी विधि हो।

यसले सीमांकनमा स्थानीय जनताको चाहनाको मात्र प्रतिनिधित्व गर्दैन, वर्षौंदेखि सीमांकनको मुद्दालाई 'इगो' बनाएर बसेका नेतालाई पनि सहमतिमा पुग्न 'फेस सेभिङ' को बाटो दिनेछ। यो विधिका विरोधीहरूको तर्क छ, अहिलेका विवादित जिल्लामा यस्तो विधि अपनायो भने अरू जिल्लामा पनि त्यो माग बढ्छ। अरू जिल्लामा पनि त्यस्तै माग राखेर तीन महिना आमहड्ताल भयो भने राज्यले नमानेर धर पाउँछ र? सुर्खेतमा एक साता आन्दोलन हुँदा मान्नुपर्यो कि परेन?

त्यस्तो माग केही समय उठ्यो नै भने पनि विधि पहिल्यै तय भएपछि शान्तिपूर्ण रूपले त्यसको समाधान पनि हुँदै जानेछ र विस्तारै सीमांकन विवाद मत्थर हुँदै जानेछ। यस्तो विधि नअपनाउने छुट पार्टी र नेताहरूलाई उपलब्ध छ, तर समाधानको अर्को बाटो निकाले मात्र। अब पनि समाधान ननिकाली समस्या मात्र गिजोल्ने छुट कसैलाई छैन।

साभार : सेतोपाटी

# सर्वदलीय बैठकमा नाकाबन्दी मुद्धा, कांग्रेस र मधेशी दलद्वारा संसद अवरुद्ध

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ६ मंसिर ।**

मधेसमा जारी आन्दोलन र भारतको नाकाबन्दीबारे संसद्मा प्रतिनिधित्व गर्ने दलको साझा धारणा बनाउने उद्देश्यले आइतबार सर्वदलीय बैठकको आयोजना गरियो । बैठकमा आन्दोलनरत मधेसकेन्द्रित दलबाहेक संसद्मा प्रतिनिधित्व गर्ने अन्य सबै दलको उपस्थिति रहेको थियो । बैठकपछि राप्रपा (नेपाल)का अध्यक्ष एवम् उपप्रधानमन्त्री कमल थापाले मधेसमा जारी आन्दोलन र संविधान संशोधनका विषय, आपूर्ति व्यवस्थामा देखिएको असहजता, भारतबाट आपूर्ति र पारवहनमा भइरहेको अवरोधका विषयमा प्रधानमन्त्रीले सबै दलको साझा धारणा बनाएर जान प्रस्ताव गरेको जानकारी दिए।

उनले भने, 'बैठकमा धारणा राख्दै विभिन्न दलका नेताले पनि यो समस्या कुनै पार्टीको, सत्तापक्ष वा प्रतिपक्षीको मात्रै नभएर मुलुककै साझा समस्या भएकाले यसमा साझा धारणा बनाएर जानुपर्नेमा सहमत हुनुभयो ।' उनले संसद्मा रहेका प्रमुख दलका शीर्ष नेतासँग फेरि बसेर थप छलफल गर्ने जानकारी दिए। विषयमा छलफल भएपनि साझा धारणा भने नबनेको उनको भनाइ थियो । एकीकृत नेकपा (माओवादी) का उपाध्यक्ष नारायणकाजी श्रेष्ठले बैठकमा देशको परिस्थिति गम्भीर, जटिल बन्दै गएकोमा सबै दलको एकमत रहेको बताए। अहिलेको समस्यालाई राष्ट्रिय समस्याका रुपमा लिएर एकताबद्ध भएर समस्या समाधान गर्नुपर्छ भन्नेमा सबै दलबीच समान मत रहेको पनि उनले जानकारी दिए। उनले भने-'वार्ताका माध्यमबाट सहमति निकाल्न पनि ठोस रुपमै छलफल गरौं, आजको छलफल पर्याप्त नभएकाले ठोस निश्कर्ष निकाल्ने गरी फेरि तुरुन्त अर्को छलफल गर्ने सहमति भएको छ ।' राप्रपाका अध्यक्ष पशुपति शमशेर राणाले आजको बैठकमा प्रधानमन्त्री मधेस समस्या समाधानका लागि गम्भीर देखिएको र उनले कडा रुपमा कुरा राखेको जानकारी दिए।

यसैबीच तिहार र छठको विदापश्चात् आइतबार बसेको व्यवस्थापिका संसद् बैठक विपक्षी दलको अवरोध भएको छ। सभामुख ओनसरी घर्ती मगरले आइतबार संसद् बैठक सुरु गर्नासाथ प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससहित असन्तुष्ट मधेसवादी दलका सभासद्हरु उभिएर विरोध जनाए। त्यसपछि सभामुखले कांग्रेस नेता रामचन्द्र पौडेललाई बोल्न समय दिइन्। पौडेलले संविधान जारी भएपछि देशले सही गति लिने अपेक्षाका बाबजुद देश अत्यन्त गम्भिर अवस्थामा आइपुगेको बताए। 'आन्दोलनका नाममा धेरै मानिसहरुको निधन र घाइते भएका छन्। विरामी बोकेका एम्बुलेन्समा आक्रमण भएको सप्तरीमा आजै राति दुईजनाको मृत्यु भएको छ। देशभरि जनताले आपूर्ति व्यवस्था अवरोध हुँदा कठिन अवस्थामा भएपनि सरकारले कालोबजारी समानान्तररुपमा चलाइरहेको छ,' पौडेलले भने। उनले बालाजुबाट बल्खुसम्मको रोडमा कालोबजारी गर्दै ग्यास सिलिण्डर र इन्धन बजार मूल्यभन्दा बढी मूल्यमा चलिरहेको बताए। यसैगरी उनले देशमा कलकारखाना, स्कूल सबै बन्द भन्दै देश आपत्तिमा रहेपनि सरकार निश्कृय भएर कुटनीतिक पहल लिन संकट समाधानका लागि पहल नगरेको आरोप लगाए। उनले भने, 'सरकार गैरजिम्मेवार भइरहेको छ। एकातिर आन्दोलनका नाममा सिमाक्षेत्रमा कालोबजारी र तस्करी भइरहेको छ भने अर्कोतर्फ सरकारले समानान्तर कालोबजारी गरेको छ।' 'हामीले यो समस्या समाधानका लागि जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण तर समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गर्न विगतको सरकारले ल्याएको संविधान संशोधन अघि बढाउन सरकार किन आलटाल गरिरहेको छ? आजको सदनमा प्रधानमन्त्री अनुपस्थित रहेर किन गम्भिर हुन सकिरहेका छैनन्।' देशको अर्थतन्त्र रिणात्मक गतिमा गएको कुराप्रति सजग गराउँदै उनले प्रतिपक्ष स्वयम् समस्या समाधानका लागि सहयोग गर्न खोज्दा सरकार किन तत्पर हुन सकिरहेको छैन भनि प्रश्न गरे। 'प्रधानमन्त्री मिलेर काम गरौं भन्ने तर एमाले कांग्रेसको सरकारले गरेका निर्णयसमेत अहिले उल्टाउने काम गरी विगतको सहमतिविपरीत काम गरेपछि कसरी मिलेर जान सकिन्छ,' उनले भने,-'राष्टको समस्या समाधान गर्न मिलेर काम गर्न सरकार आफै बाधक भइरहेको छ।' आन्दोलनकारीले पनि यो सदन घेराउ गरी संसद अबरोध गर्नु भन्दा समस्या समाधानका लागि संसदमा ल्याएका संविधान संशोधन प्रस्ताव पारित गर्न तर्फ लाग्न उनले आग्रह गरे। यसैगरी, अहिले देशको अखण्डता नै संकटमा परेको जिकिर गर्दै हिमाल, पहाड, तराई एक भएर यो संकटबाट मुलुक र जनतालाई मुक्त बनाउन र समस्यालाई निकास दिन सबैलाई लाग्न भने। त्यसपछि मधेसी दलका सभासद उभिएर विरोध गर्दै तमलोपाका सर्वेन्द्रनाथ सुक्लाले बोल्न समय माग गरेपछि सभामुखले बस्न निर्देशन दिइन्। तर मधेसी सांसदहरुले विरोध गर्दै वेल घेराउ गर्दै नारावाजी गरेपछि बैठक अबरोध भयो।

कांग्रेस नेता पौडेलले बोलेपछि कांग्रेसकै सप्तरीबाट निर्वाचित सांसदले बोल्न समय माग गरेका थिए। तर मधेसावादी दलका सदस्यहरुले सत्तापक्ष र अन्य दल भन्दा अघि आफूहरुले बोल्न पाउनुपर्ने अडान लिदै सदन घेराउ गरेका हुन्।


गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

अनेक समस्या सफल उपचार
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट दाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर नोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
निःशुल्क सल्लाह
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

पोखरामा पहिलो पटक
यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाइ बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# मिस गण्डकी सिजन दुईको ताज गुरुङको पोल्टामा

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ मंसिर ।

लक्ष्मीपति साडी मिस गण्डकी सिजन दुईको ताज पोखरा खाल्टे मसिनाकी २२ वर्षिया प्रिति गुरुङको शिरमा परेको छ । २३ जना प्रतिस्पर्धीलाई उछिन्दै उनले ताज आफ्नो पोल्टामा पारेकी हुन् । चाँदीको ताजसँगै उनले एक लाख ७० हजार बराबरको फिन्सिङ स्कुटर पुरस्कार स्वरुप प्राप्त गरिन् । उपाधिसँगै प्रितिले 'बेस्ट फिगर' टाईटल पनि जितिन् । प्रिति हाल नर्सिङ पेशामा आबद्ध छिन् । मिस गण्डकीको विजेता बनिसकेपछि प्रितिले निकै खुशि लागेको प्रतिक्रिया दिईन् । 'म मेरो लक्ष्य प्राप्तिको लागि पुरै तम्तयार थिएँ ।' क्राउन पहिरिएपछि उनले भनिन्-'लक्ष्य प्राप्तिको लागि मैले गरेको अथम मेहेनतको परिणाम मैले पाएकी छु ।' प्रितिले आगामी दिनमा आफु सामाजिक उत्तदायित्व हुने खालको क्रियाकलापमा बढि सक्रिय हुने प्रतिबद्धता जनाईन् ।

त्यस्तै प्रतियोगितामा सिना क्षेत्री फस्ट रनरअप भईन् । उनले उपाधिसँगै एउटा आईप्याड पुरस्कार स्वरुप प्राप्त गरिन् । प्रतियोगितामा रेश्मा भट्टराई सेकेन्ड रनरअप हुनुसँगै मोस्ट पपुलर टाईटल जितिन् भने ईशाका थापा थर्ड रनरअपको टाईटलसँगै मोस्ट ट्यालेन्टेड



टाईटल पनि जितिन् । सेकेन्ड रनरअप भट्टराईले उपाधिसँगै एउटा मोबाईल प्राप्त गरिन् । त्यस्तै थर्ड रनरअप ईशाका थापाले हेरिटेज फ्लोरिङ कार्पेटको तर्फबाट 'स्पेशल गिफ्ट ह्याम्पर' प्राप्त गरिन् ।

रियल ईभेन्ट म्यानेजमेन्टको आयोजना र एसटी क्रियशनको व्यवस्थापनमा भएको मिस गण्डकी सिजन दुईमा विभिन्न २५ वटा शिर्षकमा उपाधि दिईएको थियो । मिस गण्डकी सिजन दुईको ग्राण्ड फिनालेको निर्णायकहरुमा संचारकर्मी कृष्ण भट्टराई, अभिनेत्री शुभेच्छा थापा, संचारकर्मी विमला भण्डारी, पोखरा उप-महानगरपालिका कार्यालयका निमित्त कार्यकारी अधिकृत ओमराज पौडेल, गायक युवराज चौलागाँई र पोखरेली युवा साँस्कृतिक परिवारका पूर्व अध्यक्ष शिव थापामगर रहेका थिए ।

मिस गण्डकी सिजन दुईको प्रमुख प्रशिक्षण तथा कोरियोग्राफरमा सुरज थापामगर रहेका थिए । 'यो ईभेन्टबाट हामीले पोखरामा अझै पनि सुन्दरी प्रतियोगिताको क्रेज छ भन्ने कुरा प्रमाणित गरेका देखाएका छौँ ।' कोरियोग्राफर थापाले भने-'उचित व्यवस्थापन हुने हो भने सुन्दरी प्रतियोगिता शानदार हुन्छ भन्ने हामीले गरेर देखायौँ ।'

त्यस्तै आयोजक संस्था रियल ईभेन्ट म्यानेजमेन्टका निर्देशक सुशिल पोखरेलले मिस गण्डकी सिजन दुई निकै सफल भएको दाबी गरे । 'यो कार्यक्रम सफल हुनुमा प्रतियोगीहरु, आयोजक टिम, मिडिया र प्रायोजकहरु सबैको भूमिका छ ।' पोखरेलले भने-'आगामी दिनमा पनि यस्तै सहयोग र सहकार्यको अपेक्षा हाम्रो कम्पनीले गरेको छ ।' लक्ष्मीपति साडी मिस गण्डकी सिजन दुईलाई ग्यालेक्सी एजुकेशन एण्ड माईग्रेशन सर्भिसेजले प्रस्तुत गरेको हो । कार्यक्रममा हेरिटेज फ्लोरिङ कार्पेटले मुख्य प्रायोजन गरेको थियो भने पावर्ड बाई टाईटलमा खुश्वु कलेक्शनले सहकार्य गरेको थियो । त्यस्तै सपोर्टेड बाई टाईटलमा रत्न ईम्पोरियमले सहकार्य गरेको थियो ।

# पोखरा लेडी जेसीजको अध्यक्षमा सुवेदी

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ मंसिर ।

पोखरा लेडी जेसीजको शनिबार भएको २२ औं शाखा अधिवेशन तथा २७औं बार्षिक साधारण सभाबाट १८ देखि ४० वर्ष भित्रका युवाहरुको व्यक्तित्व तथा नेतृत्व विकास गर्दै सफल तथा असल नागरिक बनाउने अभियानमा लागेको पोखरा लेडि जेसीजमा सञ्चारकर्मी प्रमिला सुवेदी सर्बसम्मत रुपमा वर्ष सन् २०१६ का लागि अध्यक्ष पदमा निर्वाचित भएकी छन् । समाजमा शिक्षित र सहयोगी परिवारका लेडीहरु सहभागी भई प्रभावकारी तथा नयाँ सोच र शैलीबाट फरक ढङ्गले 'स्वतन्त्रता र समानता आजको आवश्यकता' भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै मातृशाखा पोखरा जेसिजको सामीप्यतामा रही पोखरा लेडी जेसीजले विगत देखि गदै आएको सामाजिक काम र सस्थाको



गरिमालाई अझ उच्च र सम्मानित गराउने प्रतिवद्धता सहित आफ्ना कार्य योजनाहरु प्रस्तुत गरेकी थिइन् । सो अधिवेशनबाट सुवेदीको अध्यक्षमा २७ सदस्य कार्य समिति गठन गरिएको छ । सस्थाको कार्यकारी उपाध्यक्षमा सकुन्तला कोइराला, महासचिवमा रेनु थापा, कोषाध्यक्षमा शोभालक्ष्मी पौडेल, कानुनी सल्लाहकारमा सन्तु पौडेल, सहसचिवमा गायत्री फुयाल तथा उपाध्यक्षहरुमा लक्ष्मी सुवेदी, सन्जिता अधिकारी, सरिता थापा, निर्मल मल्ल सापकोटा निर्देशकहरुमा प्रभा सुवेदी, निर्मला गुरुङ सविता गौतम र मुना कोइराला रहेका छन् भने वृद्धि सभापतिमा शोभा घर्ती शुक्रबारसरिय प्रवचनमाला संयोजकमा लक्ष्मी पाण्डे, शाखा सम्पादकमा विनिता सापकोटा, तालिम आयुक्तमा सपना गिरी अर्थ संकलन सुधा थापा फेलोसिप प्रमोटरमा सुजता हमाल, अन्तर शाखा संयोजकमा सञ्चार कर्मी सिता बराल, एलबीएन सभापतिमा गिता पौडेल, पब्लिक रिलेशन अफिसरमा दिपा कोइराला, मिडिया रिलेशन अफिसरमा अनिता थापा प्रकरण निर्देशकमा शोभा भुजेल र अर्वाड प्रमोशन चियरमेनमा अमृता भट्राई रहेका छन् ।

# साइकल र्‍याली आह्वान

काठमाडौं ६ मंसिर ।

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले इन्धन समस्या समाधानार्थ र वातावरणमैत्री यातायातको प्रयोग बढाउने उद्देश्यले आयोजना गर्ने बृहत् साइकल र्‍यालीमा सहभागिताका लागि सबैलाई आह्वान गरेको छ । इन्धन समस्या समाधानार्थ र वातावरणमैत्री यातायातको प्रयोग बढाउन सरोकारवाला सरकारी निकाय र सम्बद्ध अभियन्ताबीच आज यहाँ मन्त्रालयले आयोजना गरेको छलफलमा इन्धन सङ्कटका अवस्थामा सरकारी निकाय, गैरसरकारी निकाय र सर्वसाधारणलाई वातावरणमैत्री सवारी साधनको प्रयोग गर्न अभिप्रेरित गर्नु आवश्यक रहेको निष्कर्ष निकाल्दै साइकल र्‍यालीमा सहभागिताका लागि आग्रह गरेको हो । र्‍याली यही मङ्सिर ९ गते बिहान ७:३० बजे हुनेछ । मन्त्रालयले छलफलपछि विज्ञप्ति जारी गरी इन्धन आवश्यक नपर्ने, साइकल र नविकरणीय तथा वैकल्पिक ऊर्जाद्वारा सञ्चालन हुने सवारी साधनको प्रयोगका लागिसमेत आम नागरिकलाई अपिल गरेको छ । र्‍याली ललितपुरको जावलाखेल चोकबाट थापाथली, त्रिपुरेश्वर, रत्नपार्क, जमल, नारायणहिटी, दक्षिणगेट, कमलपोखरी, पुतलीसडक, पद्मोदयमोड, भद्रकाली, माइतीघर हुँदै वन विभागको प्राङ्गण बबरमहलमा पुगी कोणसभामा परिणत हुनेछ ।

# उर्जा सम्वन्धी अभिमुखीकरण हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ मंसिर ।

सामाजिक जागरणका लागि नारी अभियानको आयोजनामा सोमवार वैकल्पिक उर्जा सम्वन्धी अभिमुखीकरण कार्यक्रम हुने भएको छ । नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य तथा सामाजिक अभियन्ता सुष्मा पौडेलले कार्यक्रमको सम्पूर्ण तैयारी भएको वताएकी छिन् । विभिन्न क्षेत्रका सक्रिय महिलाहरुको सहभागितामा गठन भएको अभियानको पहिलो कार्यक्रमका रुपमा उक्त कार्यक्रम आयोजना गरिएको हो । इन्धन अभावमा महिलाहरुलाई परेको समस्यालाई मध्येनगर गर्दै उक्त कार्यक्रम आयोजना गरिएको पौडेलले वताइन् । पोखरा लेकसाईडको होटेल कान्तिपुरमा आयोजना गरिएको कार्यक्रममा विभिन्न संघसंस्थामा आवद्ध महिलाहरुलाई सहभागिताका लागि कार्यक्रम संयोजक शुभा श्रेष्ठले अनुरोध गरेकि छिन् । कार्यक्रममा जिल्ला विकास समिति वातावरण उर्जा तथा जलवायु परिवर्तन युनिटका अधिकृत कौशलचन्द्र जिसीले वैकल्पीक उर्जा र जैविक उर्जा सहयोग कार्यक्रम पर्वतका जिल्ला संयोजक नरवहादुर पुलामीले सुधारीएको चुलो सम्वन्धमा सहजीकरण गर्ने छन् । संस्थाले दोश्रो कार्यक्रम विभिन्न संघसंस्थाको सहकार्यमा भारत र नेपाल विचको मैत्रीसम्वन्ध कायम राख्न भारत र नेपाल दुवै देशलाई खवरादी गर्दै वृहत सद्भाव र्‍याली तथा स्वदेशी उत्पादन मेला समेत आयोजना गर्ने तैयारी गरिरहेको छ ।

# मुलुकमा युवाको भूमिका खोजी गरिदै

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ मंसिर ।

देशको समस्या समाधानका लागि युवाको भूमिका विषयक पोखरामा अन्तरक्रिया कार्यक्रम आयोजना गरिने भएको छ । पोखराका सक्रिय तथा राष्ट्रप्रेमी युवाहरुले उक्त कार्यक्रमको आयोजना गर्न लागेका हुन् । ९ गते वुधवार साइमन पार्टी प्यालेसमा आयोजना गरिन लागिएको कार्यक्रममा उपर्सथिति का लागि सम्पुर्ण राष्ट्रप्रेमी युवाहरुलाई आयोजक टिमले आग्रह गरेको छ । कार्यक्रममा सहभागिहरुले समस्या समाधानका लागि युवाहरुले के गर्न सक्छन् भन्ने विषयमा छलफल गरी निर्णय गर्ने छन् । हरेक क्षेत्र, तह र तप्काका युवाहरुलाई कार्यक्रममा सहभागि हुनका लागी कार्यक्रमका सदस्य माधव पहारीले आह्वान गरेका छन् । यतिवेला पनी युवाहरु चुपचाप वस्न नहुने कुरामा विरौटा क्लवका अध्यक्ष युर्य वरालले वताए ।

# देउसीभैलोमा सहयोग गर्नेलाई सम्मान

गोल्डेन न्यूज संवाददाता
पोखरा ६ मंसिर ।

नेपाल मगर संघ रामबजार इकाइ समितिको आयोजनामा आयोजित देउसी भैलो कार्यक्रममा सहयोग गर्ने दाताहरुलाई एक कार्यक्रम बिच सम्मान गरेको छ । संघले शनिबार रु. ५ हजार भन्दा बढी रकम सहयोग गर्ने दाताहरुलाई सम्मान गरेको हो । यसैगरी रु. १० हजार ५५ सहयोग गर्ने कृष्णबहादुर गाहा मगर, रु. ६ हजार ५ सय ५ सहयोग गर्ने जेमबहादुर आले मगर र रु. ५ हजार ५ सय ५५ सहयोग गर्ने नारायणसिंह थापा मगरलाई कदर पत्रद्वारा सम्मान गरिएको थियो ।

यस्तै रु. ५ हजार भन्दा बढी सहयोग गर्ने दाताहरु सु. धनबहादर राना मगर, क्या जोगबहादुर हिटान मगर, श्रीमती बुद्धिसरा थापा मगर, श्रीमती भूमाया थापा मगर, क्या. वीरबहादुर राना मगर, क्या. थमनसिं थापा मगर, कृष्णबहादुर राना मगर, हिमानसिं थापा मगर, कुलबहादुर राना मगर, सु. भक्तबहादुर थापा मगर, कर्णबहादुर थापा मगरलाई फूलमाला र खादाले सम्मान गरेको थियो । संघले देउसीभैलो कार्यक्रमबाट रु. ४ लाख ५३ हजार संकलन गरेको छ । उक्त संकलित रकमबाट जग्गा खरिद गर्ने संघका अध्यक्ष ढालबहादुर मास्की मगरले बताए । नेपाल मगर संघ रामबजार इकाई समितिमा हाल ४०३ घरधुरी रहेका छन् ।

## हार्दिक समवेदना



जन्म:
१९९८ मंसिर

स्वर्गारोहण:
२०७२ कार्तिक २४ गते

**स्व. थनकुमारी गुरुङ**

लायन्स क्लव अफ पोखरा लेकसिटीका सदस्य ला. ओम प्रकाश गुरुङकी ममतामयी माता **थनकुमारी गुरुङ**को ७३ वर्षको उमेरमा निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै यस दु:खद् घडिमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

देव क्षेत्री (अध्यक्ष) एवं

**लायन्स क्लव अफ पोखरा लेकसिटी परिवार**

आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
ईन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।

## हार्दिक समवेदना



जन्म:
वि.स.:२०३४/११/२२

स्वर्गारोहण
वि.स.:२०७२/०७/२५

**स्व. भोजराज खनाल**

सञ्चार व्यवसायी समिति पोखरा, कास्कीका कार्यसमिति सदस्य एवं सञ्चार बचत तथा ऋण सहकारी संस्था लि.का कोषाध्यक्ष श्री युवराज खनालका आदरणीय दाजु **भोजराज खनाल**को ३८ वर्षको उमेरमा अल्पायुमै निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**सञ्चार बचत तथा ऋण सहकारी संस्था लि. परिवार, पोखरा**

**सञ्चार व्यवसायी समिति पोखरा, कास्की परिवार**

जीवन के.सी.
मो. ९८५६०-३८०६६
९८०६६-४०८८५

पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८
Soaltee
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

विदेश जानेहरूका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

खुशीको खबर !
के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर
१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धैरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्लुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलब्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलब्ध गराइने ।
आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

# भारतीय नाकाबन्दी विरुद्ध कविहरूको कविता

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**



शनिबार पोखरामा भएको भारतीय नाकावन्दी विरुद्ध विशेष कवि गोष्ठीमा सन्ध्या नायकका रुपमा सहभागी अधिकारीले भारतप्रति कडा व्यङ्ग्य र आक्रोश व्यक्त गर्दै 'छिमेकी' शीर्षकको कविता सुनाए । 'हाम्रो गुनासो भारत र भारतीय जनताप्रति होइन । त्यहाँका मानवता विरोधी सरकार र नेताहरुप्रति हो' अधिकारीले भने, 'छिमेकी भएर त्यहाँको सरकारले गरेको व्यवहारले उसैलाई घृणित बनाइरहेको छ ।' पोखरामा शनिबार पोखरेली युवा सांस्कृतिक परिवारले समता काव्य सन्ध्यामा नै गरेको भारतीय हस्तक्षेप विरुद्धको कवि गोष्ठीमा यस्तै दुई दर्जन कविता, भारतप्रतिको आक्रोश, नेपाली नेताहरुले खेल्न नसकेको भूमिका, र नेपाली साहित्यकारहरुले अव खेल्नुपर्ने भूमिकाका विषयमा चर्चा भए । कविहरुले कविता, मुक्तक, गजल गीत मार्फत भारतीय नाकावन्दी र तराई आन्दोलनका विषयमा आफ्नो साहित्यक रचना सुनाएका थिए ।

कवि तीर्थ श्रेष्ठले भारतले नेपालीहरुको मौलिक हक खोसेकोमा चिन्ता र आक्रोस व्यक्त गर्दै 'दास मालिक हुन खोजेपछि' शीर्षकको कविता सुनाए । 'भारतले गरेको नाकावन्दीले भारत नै पराजय हुँदैछ' श्रेष्ठले भने,-'छिमेकी गुमाउँदै गएको भारत सरकारले भोली विहेमा तालि बजाउने, मर्दा मलामी जाने, दुःख पर्दा सहयोग गर्ने छिमेकी पाउने छैन ।' उनले अब सडकमै भारतीय हस्तक्षेप विरुद्ध कविता र नेपाली स्वाभिमानका पक्षमा साहित्यिक अभियान सुरु हुने बताए । साहित्यकारले नै अव राष्ट्रिय अभियान चलाउँदै समाजलाई एकताको सुत्रमा बाँधेर स्वाभिमान बचाउन लाग्नुपर्ने उनको भनाई थियो । गोष्ठीमा सहभागी साहित्यकारले आफ्नो कवितामार्फत भारतले अघोषित नाकाबन्दीसहित गरेका हस्तक्षेपको विरोध मात्रै गरेनन्, प्रतिरोधको चेतावनीसमेत दिए । भारत अझै पनि ब्रिटिस साम्राज्यवादको धङधङमी रहेको साहित्यकारहरुले चित्रण गरे । परिवारका साहित्य संयोजक प्रकास ज्ञवालीले गोष्ठीमा विशेष कविताका रुपमा चितवनमा रहेका कवि भूपिनको 'लज्जा' शीर्षको कविता वाचन गरे ।

यस्तै कवि शरण आँशुले 'अचेल म मेरै सारङ्गीहरुमा भोको पेट रेटिरहेछु । मेरा संवेदनाहरुको रङ उत्सव म मेरै शैलीमा मनाइरहेछु' कविता वाचन गर्दै भारतलाई हस्तक्षेप नगर्न आग्रह गरे । संचारकर्मी दिपेन्द्र श्रेष्ठले भारतले नेपालको जलसम्पदालाई आफ्नो हैकम जमाउन नाकावन्दी गरेको भन्दै अव वार की पार गर्न लाग्नुपर्ने भन्दै आफ्नो कविता सुनाएका थिए । कवि जीवन खत्रीको 'छिमेकी' शीर्षकको कविता सुनाए पत्रकार अमृत सुवेदीले ।

भारतीय नाकावन्दी र तराई आन्दोलनले सर्वसाधरण चिन्ता, अभाव र महङ्गीको मारमा परेका बेला नेपाली साहित्यकारहरुले आफ्ना सृजनाहरुमा जन आवाजहरु उठाउनु पर्ने भन्दै अधिकांश कविहरुले त्यस्तै रचनाहरु सुनाए । कार्यक्रमका एंव संस्थाका अध्यक्ष सुरेश रानाभाटले अव बोद्धिक वर्गले आवाज उठाउनुपर्ने बेला आएको भन्दै मर्नै परे पनि बोलेरै गर्नुपर्ने भनाइ राखे । गोष्ठीमा तेजनाथ घिमिरे, लक्ष्मण थापा, चैतन्य अधिकारी, लोकनाथ पुडासैनी, अर्घेलो थापा, रामकुमार श्रेष्ठ, विष्णु बाँस्तोला, रामलाल बाटाजु, सर्वज्ञ श्रेष्ठ, लगायत दुई दर्जन कवि साहित्यकारले कविता सुनाएका थिए भने कार्यक्रमको संचालन सचिव अर्जुन अधिकारीले गरेका थिए ।

# 'तराईका जिल्लालाई पहाडबाट अलग गर्न सकिन्न'

**गोल्डेन न्यूज संवाददाता**
**बाग्लुङ ६ मंसिर ।**

उपप्रधानमन्त्री तथा सहकारी तथा गरिबी निवारण मन्त्री चित्रबहादुर केसीले सीमाङ्कन हेरफेर गर्ने नाममा तराईका जिल्लालाई पहाडबाट अलग गर्न नसकिने बताएका छन् । गल्कोट सेवा समाज बागलुङले आइबार आयोजना गरेको सम्मान कार्यक्रममा बोल्दै उपप्रम केसीले मधेसी दलले तराईका २२ जिल्लालाई अलग्गै राख्न खोजेको आरोप लगाए ।

अहिले भएको प्रदेशको सीमाङ्कन नै उचित भएको तर्क राख्दै उपप्रम केसीले आन्दोलनरत मधेसी मोर्चाले राखेको मागअनुसार नयाँ सीमाङ्कन हुन नसक्ने ठोकुवा गरे । "मधेसी दलको प्रमुख माग भनेको सीमाङ्कन बारेमा छ, उनीहरु पहाडबाट छुटचाएर तराईका २२ वटै जिल्ला अलग राख्न चाहन्छन्"-उपप्रम केसीले भने । आफ्नो पार्टी राष्ट्रिय जनमोर्चाले सङ्घीयताको विपक्षमा राखेको मत अहिले आएर सही भएको पुष्टि हुँदै गएको उपप्रम केसीले उल्लेख गरे । उनले सङ्घीयता नेपालका लागि गलपासो जस्तो बन्दै गएको बताए । संविधान जारी भएपछि भारतले गरेको अघोषित



नाकाबन्दीको विरोध गर्दै उपप्रम केसीले भारतले अनावश्यक रुपमा हस्तक्षेप गरेको बताए । "भारत जहिले पनि नेपालको राजनीतिमा खेल्न चाहन्छ, २००७ सालदेखि नै भारतले नेपालको हरेक क्षेत्रमा नियन्त्रण कायम राख्न खोजेको देखिन्छ"- उपप्रम केसीले भने । केसीले राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता र स्वाधीनताका लागि कसैसँग सम्झौता नहुने स्पष्ट पारे । उनले आफ्नै कारणले पनि नेपाली विदेशी मुलुकसँग परनिर्भर हुनुपरेको बताए । "हामीमा परनिर्भरता छ, उत्पादनमार्फत राष्ट्रिय पुँजीको विकास नगरेसम्म हामी आत्मनिर्भर रहन सक्दैनौं, हाम्रो अर्थतन्त्र स्वाधीन हुँदैन"-उपप्रम केसीले भने । फरक प्रसङ्गमा केसीले दशकौँसम्म प्रतिपक्षमा बसेको पार्टीका तर्फबाट उपप्रधानमन्त्री बन्न पाउँदा आफू फुरुङ्ग नपरेको बताए । आफू मन्त्री हुँदा पनि नहुँदा पनि जनताको चित्रबहादुर केसी रहेको उल्लेख गरे । "जनताको सेवा र हित प्रधान हो, मेरो यो पद गौण हो"-उपप्रम केसीले भने । उपप्रम केसीले आज नै बाग्लुङ चिप्लेटी बसपार्कको पनि उद्घाटन गरे । उनले जिल्लास्थित सरकारी कार्यालयका प्रमुख र सुरक्षा निकायका प्रमुखसँग आवश्यक छलफल गरे । शुक्रबार गृहजिल्ला बागलुङ आएका उपप्रम केसी सदरमुकामदेखि विभिन्न गाविसमा आयोजित कार्यक्रममा पनि सरिक भएका थिए । उपप्रम केसीलाई उनको जन्मस्थान बागलुङको गल्कोटमा अभिनन्दनसमेत गरिएको थियो ।

यसैबीच उपप्रम केसी सोमबार पोखरा आउने भएका छन् । केसी राष्ट्रिय जनमोर्चा कास्कीले पोखराको न्यूरोड स्थित होटल दीपसागरमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा सहभागी बन्ने कास्की सचिव आकाश गौतमले जानकारी दिए । पत्रकार भेटघाट कार्यक्रम दिनको २ बजे हुने उनले बताए ।

# कठिन चिवर दान तथा धर्मशिला विद्धतवृत्ति सम्मान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

धर्मशिला बुद्धबिहारको आयोजनामा कठिन चिवर दान तथा धर्मशिला विद्धतबृत्ति सम्मान कार्यक्रम सम्पन्न भएको छ । गत बर्ष बिद्धत बृत्तिबाट सम्मानित भिक्षु सागर धम्मको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यकममा बुद्ध धर्मको लागि योगदान दिए बापत अनागारिका अग्गञाणीलाई बिद्धत बृत्ति सम्मानबाट सम्मानित गरिएको हो । उनलाई प्रमुख अतिथी भिक्षु सागर धम्मले ताम्रपत्र र बिद्धत बृत्तिका संस्थापिका अनागरिका कर्मशिलाले नगद रु १५ हजार प्रदान गरेका थिए । धर्मशिला बुद्धबिहारद्वारा स्थापित बिद्धत बृत्ति सम्मानबाट अहिले सम्म १४ जना ब्यक्तित्व सम्मानित भइसकेका छन् । बिद्धत बृत्तिबाट सम्मानित ब्यक्तिले यस बर्षभरि हुने बिभिन्न बौद्ध गतिबिधिहरुमा सहभागी भई प्रवचन तथा बुद्ध शिक्षा प्रदान गर्नेछन । धर्मशिला बुद्धबिहारमा कार्यकममा म्यानमार बाट आएका डा. सहट सण्डरले आफ्नो दिवंगत आमाको पुण्य तिथीमा भिक्षु महासंघलाई कठिन चिवर दान गरेका थिए ।

बुद्धबिहारका भिक्षु श्रद्धानन्द महास्थविरले पञ्चशिल बाचन तथा बुद्ध पुजा गरि शुरु भएको कार्यकममा बर्माका भिक्षु१२ जना उपासिकाहरुले भन्तेहरुका लागि आवश्यक अष्ट परिकार दान गरेका थिए । म्यानमारबाट कार्यकमका लागि आएका भिक्षु डा.यासाले कठिन चिवरको महत्व माथी प्रकाश पारेका थिए । कार्यकममा बौद्ध अर्घौ सदनका अध्यक्ष भुवनसिंह गुरुङ्ग, बिश्व शान्ति स्तुपका अध्यक्ष प्रकाशमान गुभाजु, बिद्धत बृत्तिबाट सम्मानित ब्यक्तित्व अनागारिका अग्गञाणी, भिक्षु सागर धम्म लगायतले बोलेका थिए । बिश्वशान्ति स्तुपका सचिब उत्तममान बुद्धाचार्यले सम्मानित ब्यक्ति अनागारिका अग्गञाणीको परिचय दिएका थिए ।

धर्मशिला बुद्धबिहारका भिक्षु श्रद्धानन्द महास्थविरको अध्यक्षतामा भएको कार्यकममा दायक सभाका अध्यक्ष कृष्णमान गुभाजुले स्वागत मन्तब्य राखेका थिए भने सञ्चालन सचिब श्याम शाक्यले गरेका थिए ।

यसैबस्च उपासिका संघको बार्षिक साधारणसभा सम्पन्न भएको छ । साधारण सभामा बार्षिक गतिविधीहरुका बारे चर्चा गरिएको थियो । उक्त अवसरमा यस बर्ष एसएलसी परिक्षामा उर्त्तिण छात्रछात्रालाई सम्मान गरिएको थियो । कार्यकम संघका अध्यक्ष दमयन्ती शाक्यको अध्यक्षतामा भएको थियो ।

# पोविवि कार्यकारी परिषद्को बैठक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

पोखरा विश्वविद्यालयको शुक्रबार बसेको कार्यकारी परिषद्को बैठकले इन्जिनियरिङसम्बन्धी कार्यक्रमहरूलाई समेट्ने निर्णय गरेको छ । बैठकले विज्ञान तथा प्रविधि संकाय र स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूलाई समेत समेट्ने निर्णया गरेको छ । यस्तै स्वास्थ्य विज्ञान संकायको व्यवस्था गरी डीनहरू नियुक्त गरेपछि विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकायबाट स्वास्थ्य विज्ञान अलग्गिएको छ । पोखरा विश्वविद्यालयको नवौं सभाले विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकायबाट स्वास्थ्य विज्ञानसम्बन्धी कार्यक्रमहरूलाई अलग्याएर स्वास्थ्य विज्ञान संकायको गठन गर्न स्वीकृति दिएको थियो । सोहि व्यवस्था बमोजिम विश्वविद्यालयले विज्ञान तथा प्रविधि संकायको डीन पदमा विश्वविद्यालयका प्रा.डा. पदम बहादुर शाही र स्वास्थ्य विज्ञान संकायको डीन पदमा विश्वविद्यालय कै उपप्राध्यापक डा. खेमराज जोशीलाइ नियुक्त गरेको छ । नयाँ व्यवस्थाबमोजिम विश्वविद्यालयमा अब व्यवस्थापन संकाय, विज्ञान तथा प्रविधि संकाय, मानविकी तथा सामाजिक शास्त्र संकाय र स्वास्थ्य विज्ञान संकाय गरी ४ वटा संकाय कायम भएको सूचना अधिकृत लोकप्रसाद ढकालले जानकारी दिए ।

# पृथ्वीचोक सामुदायिकमा रक्तदान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

सामुदायिक सेवा केन्द्र एंव सामुदायिक प्रहरी सेवा पृथ्वीचोकको खुल्ला रक्तदान कार्यक्रम शनिबार सम्पन्न भयो । संस्थाको १५औं बार्षिक उत्सवको अवसरमा रक्तदान जीवन दान भन्ने मूल नाराका साथ आयोजित रक्तदान कार्यक्रम संस्थाका अध्यक्ष गजेन्द्रमान श्रेष्ठको अध्यक्षता सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख अतिथि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका मेडिकल सुपरिटेन्डेन डा. श्रीकुष्ण श्रेष्ठ रहेका थिए भने प्राविधिक सहयोग क्षेत्रीय रक्तसंचार केन्द्र पोखराले गरेको थियो । कार्यक्रममा संस्थाका उपाध्यक्ष जयराम अधिकारीले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा कार्यसमिति सदस्य निरञ्जन वजिमयलाई प्रमुख अतिथि डा. श्रेष्ठले ब्लड व्याग हस्तान्तरण गरि उद्घाटन गरेका थिए भने कपडा व्यवसायी एशोसिएशन पोखराका अध्यक्ष एवं संस्थाका सहयोग उप-समिति सदस्य यामनाथ तिमिल्सिना, सामुदायिक सेवा जिल्ला समन्वय समितिका सचिव प्रेमबहादुर कार्की, संस्थाका सल्लाहकारहरु निल बहादुर के.सी.,प्रा.डा. दिल बहादुर क्षेत्री, चिरञ्जीवी श्रेष्ठ लगायतले बोलेका थिए । कार्यक्रमका प्रमुख अतिथी डा.श्रीकृष्ण श्रेष्ठले स्वस्थ मानिसले हरेक ४-४ महिनामा रक्तदान गर्दा विरामीलाई नवजीवन प्रदान गर्नुका साथै स्वास्थ्यलाई समेत राम्रो हुने बताएका थिए । कार्यक्रममा ३९ जनाले रक्तदान गरेका थिए । कार्यक्रमको संचालन सेवा केन्द्रका सचिव धर्मदत्त आचार्यले गरेका थिए ।

# महाधिवेशन...

*पहिलो संविधानसभामा कांग्रेसका प्रमुख सचेतक समेत थिए । यी संगै गुटमा रेवती भुसाल, हस्तबहादुर मल्ल, शुक्रराज शर्मा, खगेन्द्र रेग्मी, दिपकजंग शाह, सुरेन्द्र हमाल, रामबहादुर गुरुङ र लक्ष्मण राय यादव सक्रिय भएर लागेका छन् । उनीहरुको दावी महाधिवेशनमा आफुहरुले जे भन्यो त्यही मान्ने ५०० महाधिवेशन प्रतिनिधि आउने छ । यसले निर्वाचनको परिणामलाई असर गर्नसक्ने भन्दै उनीहरुले बार्गेनिङ सुरु गरेका हुन । प्राय सवै नेताहरु सस्थापन निकट रहेकाले यो गुट साँच्चै नै सक्रिय रहयो भने सस्थापनको परिणामलाई प्रभाव पार्ने पनि देखिन्छ ।*

*कांग्रेसका एक नेताले दिएको जानकारी अनुसार जोशीले आफू निकटका नेताहरुसंग आफुहरुको गुटबाट दुई पदाधिकारी र २५ केन्द्रिय सदस्यलाई उम्मेदवार बनाउन जो राजी हुन्छ, त्यसैलाई समर्थन गर्न आफूहरु तयार रहेको बताउने गरेका छन् । कुनै गुटसंग सहमति भएमा आफू र कुलबहादुर गुरुङ पदाधिकारीको उम्मेदवार हुने उनको भनाई रहने गरेको ति नेताले बताए । विपी विचार समाज नामको सस्था गठन गरी मुलुकभर गतिविधि गर्दै आएको उनीहरुको समूहरुको मुख्य मक्सद महाधिवेशन मा आफूहरु कुनै न कुनै हिसावले निर्णायक विन्दुमा पुग्ने हो । यतिसम्मकी उनीहरुले पार्टीमा देखिएको भागवण्डाको संस्कृति अन्यका लागि पनि आफूहरु खुलेरै मैदानमा आउने भन्दै नेताहरुलाई दवाब दिन सुरु गरेका छन ।*

*महाधिवेशनमा सभापतिका आकाक्षी नेता शेरबहादुर देउवा र संस्थापनका दोस्रो तहमा नेताहरुसंग उनीहरुले पटक पटक बार्ता गरेका छन् । बार्तामा उनीहरुले आफुहरुले भने बमोजिमका नेताहरुलाई दुई पदाधिकारी र २५ केन्द्रीय सदस्यमा उम्मेदवार बनाउने सहमति गर्ने भए सहयोग गर्न तयार रहेको बताउँदै आएका छन् । गुटबाट प्रायःगरी बार्तामा जोशी र चन्द सहभागि हुने गरेका छन् । यदि कुनै समूहले पनि आफुहरुलाई नपत्याएर गत महाधिवेशनमा भीमबहादुर तामाङको जस्तै प्यानल बनाएर निर्वाचनमा होमिने तयारी उनीहरुको छ । स्रोतका अनुसार त्यस्तो प्यानल बन्ने अवस्था आयोभने केवी गुरुङ अध्यक्ष र जोशी महामन्त्रीमा लडने तयारी उनीहरुको छ । गुरुङ कांग्रेसमा सिनियर र दाग नलागेका नेतामा गनिन्छन् । तर, जोशीसंगै लागेमा उनी पनि विलाएर जाने विश्लेषण कांग्रेस बृत्तमा गर्न थालिएको छ ।*

# रामघाट पार्क उद्घाटन, विभिन्नलाई सम्मान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

पोखरा ९ नयाँवजारस्थित रामघाटमा निर्माण गरिएको रामघाट पार्कको आईतबार ठूली एकदशीको अवसरमा सांसद तेजकुमारी पौडेलले उद्घाटन गरेकी छन् । रामघाट धार्मिक क्षेत्र विकास समितिको आयोजना तथा सेती गंगा टोल विकास समिति र सौभाग्य महिला समितिको समायोजनमा सम्पन्न सो उद्घाटन कार्यक्रममा कोषाध्यक्ष भावना श्रेष्ठले पार्क निर्माण गर्दा भएको आम्दानी तथा खर्चको विवरण प्रस्तुत गरेका थिए भने पार्क निर्माणमा सहयोग गर्ने सभासद् तेजकुमारी पौडेल र समाजसेवी जगतकृष्ण कर्माचार्यलाई दोसल्ला द्वारा सम्मान गरिएको थियो । कार्यक्रममा पोखरा उमनपा वडा नं. ९, सिद्धमार्ग आमा समुह, नयाँवजार साँस्कृतिक समिति, नेवा मिसा पुच नयाँ वजार, गण्डकी मिनि मार्केट, तुल्सीघाट अस्थायी प्रहरी विट, शान्ति दर्शन महिला समूह, सम्राट आर्ट्स, राम मन्दिर संरक्षण समितिलगायत संघ संस्थालाई मायाको चिनो प्रदान गरिएको थियो।

त्यसैगरी पार्क निर्माण गर्न आर्थिक सहयोग गर्ने भिम गौतम, मनोज रसाईली, रामराज लामिछाने, साजन ताम्राकार, सुनसरी घले, शम्भुलाल श्रेष्ठ लगायत र प्रचार प्रसारमा सहयोग गर्ने पत्रकार कृष्ण रानाभाटलाई मायाको चिनो सम्मान गरिएको थियो। सोही अवसरमा वडा सचिव लोकदर्शन कोईरालाले रामघाटमा हरेक वर्ष स्वतःस्फुर्त रुपमा मेला लाग्ने गरेकोमा यस वर्षदेखि व्यवस्थित गर्न मेला आयोजक मुल समिति गठन गरि मेलालाई आकर्षक वनाउन विभिन्न कार्यहरु गरेकोमा आयोजकलाई धन्यवाद दिएका थिए । कार्यक्रममा पोखरा उपमहानगरपालिकाका निमित्त कार्यकारी अधिकृत ओमराज पौडेल, समन्वय समितिका अध्यक्ष उत्तम जोशी, महिला समन्वय समितिकी अध्यक्ष दिलमाया गुरुङ, जगतकृष्ण कर्माचार्य, सुरेशकुमार राजभण्डारी लगायतले शुभकामना व्यक्त गरेका थिए। समितिका अध्यक्ष डम्बरलाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको स्वागत दिनेश दहालले गरेका थिए भने कार्यक्रमको संचालन कोषाध्यक्ष भावना श्रेष्ठले गरेकी थिईन। साथै विभिन्न सांस्कृतिक कार्यक्रमहरु सहितको मेला आयोजना गरिएको थियो । मेलाको पनि सांसद तेजकुमारी पौडेलले उद्घाटन गरेका थिइन ।

मेलामा भजनकीर्तन, लाखे नाच, सस्तो वजार, रमाईलो खेल, चर्या नृत्यप्रस्तुत गरिएको थियो भने भक्तजनको सुविधाको लागि पिउने पानीको निःशुल्क वितरण गर्ने व्यवस्था मिलाईएको थियो।

# फूल तार्नेक्रममा नदीले बगाउँदा युवकको मृत्यु

**गोल्डेन न्यूज संवाददाता**
**तनहुँ ६ मंसिर ।**

हरिबोधनी एकादशीका दिन आज मादी नदीमा फूलको डोली तार्ने क्रममा नदीले बगाउँदा तनहुँमा एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा जिल्लाको रिस्ती गाविस वडा नं ४ बस्ने बलबहादुर गौलीको छोरा वर्ष १६ का कृष्णबहादुर गौली रहेका छन् । छिमेकी जिल्ला लम्जुङको सिमानामा पर्ने शिशाघाटस्थित मादी नदीमा फूलको डोली तार्ने क्रममा अचानक नदीले बगाउँदा गौली बेपत्ता भएका थिए । उक्त नदीमा नुहाउन आएका सर्वसाधारणको सक्रीयतामा गौलीको शव नदीबाट निकालेर अहिले लमजुङ जिल्लास्थित दुईपिप्ले सामुदायिक अस्पतालमा राखिएको अस्पताल सञ्चालक रमेश भट्टराईले जानकारी दिए । "उक्त शव परीक्षणका लागि दमौली अस्पताल पठाउने तयारी गरिरहेका छौं"- अस्पताल सञ्चालक भट्टराईले भने । जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख एसपी कृष्णकुमार महतसँग यस विषयमा जानकारी लिन खोज्दा मृत्यु हुने व्यक्ति तनहुँकै भए पनि घटना लमजुङमा घटेकाले लमजुङ प्रहरीले नै शव परीक्षण गर्ने बताए । हरिबोधनी एकादशीका दिन मादी र सेती नदीमा फूलको डोली तार्ने क्रममा होस् या नुहाउने क्रममा बर्सेनि एक जनाको मृत्यु हुने गरेको पाइन्छ ।


**सस्तोमा जहाज टिकट**

**सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।**

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

**सुन्दर हेयर एण्ड ब्युटी**

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।



सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढङ्गा
(First Floor X2)

**BABIN TAILORING**
Shirting & Suiting

बबिन टेलरिङ नै किन?



- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेसिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

बबिन टेलरिङ सर्टिङ एण्ड सुटिङ्ग

DIGIAM Ashvira OCM Raymond


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा